# पुचौंडी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प.सं.२०८१/०८२ हाट, बैतडी
च.नं. सुदूरपश्चिम प्रदेश,नेपाल

मिति :- २०८२/०३/२०

**विषय :- तह वृद्धि / तह मिलान सम्बन्धी सूचना।**

उपरोक्त विषय सम्बन्धमा सुदूरपश्चिम प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको यही मिति २०८२।०३।२० गतेको च.नं. १६४६ को परिपत्र अनुसार सुदूरपश्चिम प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा ९ बमोजिमको तह वृद्धि/तह मिलान गर्ने सम्बन्धी गरिएको व्यवस्था अनुरुप योग्यता पुगेका कर्मचारीहरुले तपसिल बमोजिमका कागजात सहित सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र यस कार्यालयमा रितपूर्वक निवेदन पेश गर्न सम्वन्धीत सबै कर्मचारीहरुमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

२०८२/०३/२०
जगदिश प्रसाद जोशी
**प्रमुख प्रशासकीय अधिकृत**

**तपसिल :-**

१. व्यक्तिगत निवेदन-१
२. अद्यावधिक व्यक्तिक विवरणको प्रतिलिपि-१
३. सुरु नियुक्ति पत्रको प्रतिलिपि-१
४. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि-१
५. समायोजन भई आएकाको हकमा समायोजन पत्र, सरुवा तथा रमाना पत्रको प्रतिलिपि-१
६. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि-१
७. बढुवा / तह मिलान / स्तरवृद्धिको प्रमाणित प्रतिलिपि-१
८. हाल सम्म विभागीय कारवाहीमा नपरेको तथा प्रचलित कानून बमोजिम तह मिलानका लागि अयोग्य नरहेको स्वोघोषणा-१

(ग) नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त हुने आर्थिक स्रोत,

(घ) दरबन्दी सृजना, पुनरावलोकन वा हेरफेर गर्दा सृजना हुने दायित्व र उक्त दायित्व वहन गर्न सक्ने सम्बन्धित स्थानीय तहको आर्थिक स्रोतको विश्लेषण।

(३) उपदफा (२) बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा स्थानीय तहको सङ्गठनको कार्य प्रकृति र कार्यबोझ बमोजिम दरबन्दी सृजना गर्न अति आवश्यक भएको तर उपदफा (२) को खण्ड (ख) बमोजिम त्यस्तो दरबन्दी सृजना गर्न मिल्ने नदेखिएमा स्थानीय तहको आन्तरिक स्रोतबाट पारिश्रमिक तथा सेवा सुविधा व्यहोर्ने गरी उपदफा (१) बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार गर्नुपर्नेछ।

(४) उपदफा (२) बमोजिम पेस गरेको प्रतिवेदन तथा दरबन्दीको आवश्यकता र औचित्य समेतको आधारमा मूल्याङ्कन गरी कार्यपालिकाले सङ्गठन संरचना वा दरबन्दीको प्रस्ताव सिफारिस गरी पठाएमा मन्त्रालयले स्वीकृत गर्न सक्नेछ।

(५) उपदफा (२) बमोजिम पेस भएको प्रतिवेदन कार्यपालिकाद्वारा स्वीकृत भएपछि सम्बन्धित स्थानीय तहले स्वीकृत दरबन्दी बमोजिमको पद प्रदेश किताबखानामा दर्ता गरी सोको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ।

(६) यस दफा बमोजिम कुनै नयाँ पद सिर्जना भएमा उपदफा (५) बमोजिम प्रदेश किताबखानामा पद दर्ता भएपछि मात्र त्यस्तो पदमा पदपूर्ति गर्न सकिनेछ।





(७) यस दफा बमोजिम सिर्जना भएको स्थायी पदमा नियुक्त वा बढुवा भएको कर्मचारीलाई पुल दरबन्दी वा अन्य कुनै किसिमले कुनै निकायमा पदाधिकार राखी अन्य निकायमा खटाइएको वा नियुक्ति गरिएको कारणले मात्र त्यस्तो दरबन्दी रिक्त भएको मानी कुनै पनि व्यहोराले पदपूर्ति गरिने छैन।

९. दरबन्दी कायम गरिने: (१) साबिक स्थानीय निकायको स्वीकृत दरबन्दीमा अधिकृत छैटौं र आठौं तहको पदमा नियुक्ति भई स्थानीयतहमा समायोजन भएका कर्मचारीलाई माथिल्लो तहको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता पुगेको भए अख्तियारवालाले एक पटकका लागि स्थानीय सेवाको क्रमशः अधिकृत सातौं र नवौं तह कायम गरिदिनेछ। यसरी तह मिलान भएको तहको ज्येष्ठता नियुक्ति भएको मिति देखि लागु हुनेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत सङ्घीय लोक सेवा आयोग वा आयोगबाट सञ्चालित खुला प्रतियोगितात्मक परीक्षा द्वारा छनौट तथा सिफारिस भई स्थानीय तहको छैटौं तहको पदमा नियुक्ति भईसकेका वा स्थानीय तहको छैटौं तहको पदमा खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्तिका लागि विज्ञापन भई प्रक्रियामा रहेका पदमा सिफारिस भई नियुक्ति हुने कर्मचारीलाई स्थानीय सेवाको सातौं तहको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले एक पटकका लागि सातौं तह कायम गरिदिनेछ। यसरी तह मिलान भएको पदको ज्येष्ठताको गणना छैटौं तहमा नियुक्ति भएको मिति देखि लागु हुनेछ।

(३) साविकका घरेलु तथा साना उद्योग विकास समिति, जिल्ला विकास समिति, नगरपालिका तथा गाउँपालिकामा बहाल रहेका कर्मचारी वा स्थानीय निकायको स्वीकृत दरवन्दीको पदमा स्थायी नियुक्ति भई स्थानीय तहको सोही तहको पदमा समायोजन भएका कर्मचारी र सङ्घीय लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट चौथो, पाँचौं तहमा छनौट तथा सिफारिस भएका वा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका चौथो, पाँचौं तहका कर्मचारीको सेवा अवधि यस ऐन प्रारम्भ हुँदाका बखत पाँच वर्ष पूरा भएको भए एक पटकका लागि एक तह माथीको पदमा अख्तियारवालाले कायम गरिदिनेछ। यसरी तह मिलान भएको पदको ज्येष्ठताको गणना नियुक्ति भएको मिति देखि लागु हुनेछ।

(४) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम सङ्घीय स्वास्थ्य सेवाबाट स्थानीय तहमा समायोजन भएका चौथो, पाँचौं, छैटौं तहमा कार्यरत कर्मचारीको सेवा अवधि यस ऐन प्रारम्भ हुँदाका बखत पाँच वर्ष पूरा भएको भए एक पटकका लागि एक तह वृद्धि गरिनेछ।

स्पष्टीकरण: यस उपदफा बमोजिम तह वृद्धि हुने कर्मचारीको पदनाम नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिम हुनेछ।

(५) उपदफा (१), (२), (३) र (४) बमोजिम कायम गरिने पद स्वतः सिर्जना हुने र यसरी माथिल्लो तह कायम गरिएको कर्मचारी कुनै कारणले कायम गरिएको पदमा बहाल नरहेमा उक्त पद स्वतः खारेज हुनेछ।

(६) यस ऐनमा अन्यत्र जेसुकै कुरा लेखिएको भए तापनि विक्रम संवत् २०७६ सालको विज्ञापनवाट सिफारिस





भई स्थायी नियुक्ति लिएका कर्मचारीका हकमा २०८२ साल श्रावण १ गते अगाडी पाँच वर्ष सेवा अवधि पुरा हुने भए यो ऐन लागु भए पछि हुने पहिलो पटकको तह वृद्धिको लागि न्यूनतम सेवा अवधि पुरा भएको मानिनेछ र तहवृद्धि भएको मितिबाट ज्येष्ठताको गणना गर्नु पर्नेछ।

(७) उपदफा (१), (२), (३) र (४) वमोजिम तह कायम गरेको जानकारी अख्तियारवालाले प्रदेश कितावखाना, आयोग र मन्त्रालयमा पठाउनु पर्नेछ।

(८) उपदफा (७) बमोजिम प्राप्त जानकारीको आधारमा प्रदेश किताबखानाले दरबन्दी मिलान तथा अद्यावधिक गर्नुपर्नेछ।

१०. <u>स्थानीय सेवाको पदपुर्ति:</u> (१) स्थानीय सेवाको पदमा देहाय बमोजिम पदपूर्ति गरिनेछ:-

| पद | खुला प्रतियोगिता द्वारा | अन्तर तह प्रतियोगिता द्वारा | बढुवा | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कन द्वारा | कार्यक्षमता को मूल्याङ्कन द्वारा | आन्तरिक प्रति योगितात्मक परीक्षाद्वारा | |
| (क) सहायक प्रथम तह | - | - | - | - | - | |
| (ख) सहायक द्वितीय तह | - | - | - | - | - | |
| (ग) सहायक तृतीय तह | - | - | - | - | - | |
| (घ) सहायक चौथो तह | ९०% | - | - | - | १०% | |